# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०४।२५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सप्तरी टिकुलिया गा.वि.स का गा.वि.स सचिब रामदत्त यादव समेतले जेष्ठ नागरिक, एकल महिला, दलित बालबालिका लगायतका सामाजिक सुरक्षा भत्ता शिर्षकमा विनियोजित रकम वितरण नगरी हिनामिना गरेकोले आवश्यक कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त गा.वि.स का तत्कालिन गा.वि.स सचिव रामदत्त यादव र प्राविधिक सहायक जनक किशोर चौधरीले आपसी मिलेमतोमा आ.व. ०६७/०६८ देखी आ.व ०६९/०७० सम्ममा सामाजिक सुरक्षा भत्ता वितरणको झुठ्ठा भरपाई बनाई, प्रमाणित गरी उक्त रकम वदनियतपुर्वक हिनामिना गरी आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निजहरुलाई जनही बिगो रु. २,६०,०००/- (दुई लाख साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा सोहि दफा र उपदफाको देहाय (घ) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता